नेपाल सरकार

नेपाल ट्रष्टको कार्यालय

नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिका लागि गठित सिफारिस समिति

कमलादी, काठमाडौं ।

नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

प्रकाशित मिति : २०८३/ ०३ / १९

नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न नेपाल ट्रष्ट संचालक समितिको रिक्त सदस्य पदमा (कम्तिमा एक महिला सहित अर्थशास्त्र, ईन्जिनियरिङ्ग र व्यवस्थापन/समाजसेवा क्लस्टरबाट एक एक जना गरी कुल तीन सदस्य) खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकाले नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (कार्यालय समयमा) नेपाल ट्रष्टको कार्यालय कमलादी, काठमाडौं वा यस कार्यालयको इमेल info@nepaltrust.gov.np (सोचपत्र भने सिलबन्दी गरी Hard Copy कार्यालयमा अनिवार्य बुझाउनुपर्ने) मा दरखास्त दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै आवश्यक योग्यता, अनुभव, पेश गर्नुपर्ने कागजात लगायतका विस्तृत विवरण कार्यालय वेबसाइट www.nepaltrust.gov.np बाट जानकारी लिनुहुन र थप बुझ्नुपर्ने भएमा कार्यालयको फोन नं. ०१-५३२०४५१ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

१. <u>आवश्यक न्यूनतम योग्यताः</u>

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग (सिभिल) वा अर्थशास्त्र वा व्यवस्थापन/समाजसेवा सम्बन्धी विषयमा कम्तीमा स्नातक शैक्षिक उपाधि हासिल गरेको,

(ख) सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेको अनुभव हासिल गरेको,

(ग) पच्चीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको।

(घ) नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम सञ्चालक समितिको सदस्य पदमा नियुक्त हुने योग्यता पुगेको ।

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

२. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातः</u>

(क) जन्ममिति स्पष्ट रुपमा खुलेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रति,

(ख) शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ग) दफा ४ को उपदफा (१) मा उल्लेखित विषयहरुमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभवको प्रमाणित कागजात,

(घ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको स्वघोषणा,

(ङ) ट्रष्टसँग कुनै स्वार्थ नबाझिएको व्यहोरा खुलेको स्वघोषणा ,

(च) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको व्यहोरा खुलेको स्वघोषणा,

(छ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको स्वघोषणा,

(ज) अनुभवसम्बन्धी अन्य कुनै विषय भए सोसम्बन्धी कागजात,

(झ) नेपाल ट्रष्टको सञ्चालन र व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना सहितको नेपाली भाषामा लेखिएको सोचपत्र,

(ञ) कुनै सरकारी वा सार्वजनिक निकायमा नियुक्त वा मनोनित भई कार्यरत भएको व्यक्तिले दरखास्त पेश गर्नु अघि आफू कार्यरत निकायको विभागीय स्वीकृति पत्र,

(ट) विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाणपत्र,

(ठ) वैयक्तिक विवरण,

(ड) दरखास्तसाथ उम्मेदवारले नेपाल ट्रष्ट सम्बन्धी रणनीतिक कार्ययोजना सहितको सोचपत्र (vision paper with work plan) www.nepaltrust.gov.np को सूचनामा उल्लेखित विषय समावेश हुने गरी २ (दुई) प्रति एउटै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ । खाम बाहिर आफ्नो नाम र दरखास्त दिन खोजेको सदस्यको क्लस्टर उल्लेख गर्नुपर्नेछ । सोचपत्र A-4 साइज सादा सेतो कागजमा युनिकोड १४ वा १२ फन्ट साइजमा एकापट्टि मात्र टाइप गरिएको हुनुपर्ने छ । उक्त सोचपत्र नेपाली भाषामा लेख्नुपर्नेछ । सोचपत्रको अग्रपृष्ठ (Cover Page) मा बाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाइने छैन ।

३. **सोचपत्रको प्रस्तुतीकरण तथा अन्तर्वार्ता :** (१) दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारको आफूले पेश गरेको सोचपत्र प्रस्तुति तथा अन्तर्वार्ताको लागि तोकिएको स्थान, मिति र समयमा सहभागी हुनुपर्नेछ ।

४. **पारिश्रमिक/अन्य सुविधा** : नेपाल ट्रष्ट ऐन, २०६४ तथा नेपाल ट्रष्ट नियमावली २०६५ बमोजिम हुनेछ ।

५. **अन्य विवरण** :

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त अस्वीकृत हुनेछ ।

(ख) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ग) यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयको वेवसाइट www.nepaltrust.gov.np वा कार्यालयको फोन नं. ०१-५३२०४५१ मा सम्पर्क गर्न सकिनेछ ।

अनुसूची – १

नेपाल ट्रष्टको कार्यालय

नेपाल ट्रष्ट संचालक समितिको रिक्त सदस्य पदको उम्मेदवारले आवेदनसाथ पेश गर्नुपर्ने

स्व:घोषणा फाराम

| सि.नं. | विषय |
|---|---|
| १. | प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको, |
| २. | ट्रष्टसँग कुनै स्वार्थ नबाझिएको , |
| ३. | विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको, |
| ४. | तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको, |

यसमा लेखिएको व्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु ।

उम्मेदवारको नाम थर :

दस्तखत :

मिति :

अनुसूची-२

दरखास्तको ढाँचा

श्री कार्यकारी सचिवज्यू,
नेपाल ट्रष्टको कार्यालय,
कमलादी, काठमाडौं।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सञ्चालक समितिको रिक्त पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। म हाल कुनै राजनीतिक दलको सदस्य नभएको, सार्वजनिक पदको लागि अयोग्य नभएको र नेपाल ट्रष्टको कार्यालयसँग मेरो कुनै स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म सञ्चालक समितिका सदस्यको पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्ति भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः

२. नियुक्ति हुन चाहेको पदः

३. नियुक्ति हुन चाहेको कलष्टरः

३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नाम/थर(देवनागरी):.............................................................................................................

ENGLISH BLOCK LETTER .................................................................................................

हाल कार्यरत संस्थाः ..............................पद .............................

नेपाली नागरिकताको प्रमाण पत्र नं.:..........................

जारी मितिः..............................जिल्लाः.................

राष्ट्रिय परिचयपत्र नं. .................

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः ....................साल...................... महिना............... गते

सम्पर्क नम्बरः ..................इमेलः..................

(ख) शैक्षिक योग्यताको विवरण:

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | संकाय | मूल विषय | उत्तीर्ण श्रेणी | उपाधि प्राप्त गरेको साल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | स्नातकोत्तर | | | | | | |
| २ | स्नातक | | | | | | |

(ग) अनुभव: सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभवको विवरण

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखत:

नाम थर:

मिति:

सम्पर्क नम्बर:

ईमेल ठेगाना:

**नेपाल ट्रष्ट संचालक समितिको सदस्य पदका लागि नेपाल ट्रष्टको संचालन र व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना सहितको सोचपत्रमा समावेश गर्नुपर्ने न्यूनतम विषय**

१. नेपाल ट्रष्टको कार्यालयको भूमिका , प्रभावकारिता अभिवृद्धि र ट्रष्टको सम्पत्तिको संरक्षण, संर्वद्धन र प्रवर्द्धन गर्ने सम्बन्धी विषय,

२. ट्रष्टको सम्पत्तिको व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धी विषय,

३. ट्रष्टको सम्पत्ति पर्यटकीय, कृषि तथा व्यवसायिक प्रयोजनमा उपयोग गर्न अपनाउनुपर्ने विषयहरु,

४. ट्रष्टको सम्पत्ति लिज/भाडामा लगाउने सम्बन्धी विषय,

५. ट्रष्टको सम्पत्ति शिक्षा र स्वास्थ्यको क्षेत्रमा प्रयोग गर्ने विषय,